# प्रदेश सरकार, प्रदेश नं. ५, मन्त्रिपरिषद्को निर्णय

**प्र.मं.प.बै.सं. ११/२०७६**

**२०७६ साल श्रावण २८ गते सोमवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** शुद्धोधन गाउँपालिका, कपिलवस्तुको केन्द्र परिवर्तनसम्बन्धी सम्बन्धित गाउँपालिकाबाट प्राप्त प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृती प्रदान गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभा समक्ष पेश गर्न स्वीकृती प्रदान गर्ने।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** प्रदेश लोकसेवा आयोगको कार्यालयको मुकाम रुपन्देही जिल्लाको बुटवललाई तोक्ने।

४. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः-** प्रदेश सभाका स्वर्गीय सदस्य श्री उत्तरकुमार वलीको विमा वापतको सुविधा निजको पत्नीलाई प्रदेश सभा सचिवालयले उपलब्ध गराउने।

५. **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः-** बजार नियमन तथा प्रतिस्पर्धा प्रबर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयकको अवधारणा पत्रमा सैद्धान्तिक स्वीकृती प्रदान गर्ने।

६. **सामाजिक विकास मन्त्रालयः-** प्रदेश नं· ५, प्रदेश विश्वविद्यालय स्थापना र प्रदेश अन्तर्गत संचालन हुने उच्च शिक्षासम्बन्धी शैक्षिक संस्थाहरूको नियमन गर्न उच्च शिक्षा ऐनका सम्बन्धमा बन्ने विधेयक, २०७६ का सम्बन्धमा तयार गरिएको अवधारणा पत्र स्वीकृत गर्ने।"

७. **सामाजिक विकास मन्त्रालयः-** सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रको स्थापना र सञ्चालन तथा सेवा तथा पुनर्स्थापना कोष सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयक, २०७६ सम्बन्धमा तयार गरिएको अवधारणा पत्र स्वीकृत गर्ने।

८. **सामाजिक विकास मन्त्रालयः-** व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, बाँके र दाङ तथा रोजगार सूचना केन्द्र, बुटवलमा अस्थायी दरबन्दीमा कार्यरत कर्मचारीहरुको सेवा अन्त्य गर्ने र ती केन्द्रहरुको चल अचल सम्पत्तिको संरक्षण गर्ने।